# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, माघ ८ गते २०५८ साल (अतिरिक्ताङ्क ६३


## भाग ३

### श्री ५ को सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले नेपाल प्रशासन सेवा, हुलाक समूह अन्तर्गत समूहीकृत भई कार्यरत पियन, हुलाकी र हल्काराको स्तरवृद्धि गर्ने सम्बन्धमा निजामती सेवा नियमावली, २०५० को नियम ३३ बमोजिम देहायको व्यवस्था गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

१. हुलाकी पदमा २ वर्ष सेवा गरेका कर्मचारीलाई देहायका आधारमा हल्कारा पदमा पद परिवर्तन गरी स्तर वृद्धि गर्न सकिनेछः–

(क) अंग्रेजी विषय सहित न्यूनतम अष्टम कक्षा उत्तीर्ण भएको,

(ख) पछिल्लो २ वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तीमा उत्तम अङ्क प्राप्त गरेको,

(ग) पछिल्लो २ वर्षको अवधिमा कुनै विभागीय सजाय नपाएको, र

(घ) उल्लिखित आधारहरूका अतिरिक्त जेठ कर्मचारीलाई प्राथमिकता दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. पियन पदमा २ वर्ष सेवा गरेका कर्मचारीलाई देहायका आधारमा हुलाकी पदमा पद परिवर्तन गरी स्तर वृद्धि गर्न सकिनेछः–

(क) नेपाली र अंग्रेजीमा सामान्य लेखपढ गर्न जान्ने,

(ख) पछिल्लो २ वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तीमा उत्तम अङ्क प्राप्त गरेको,

(ग) पछिल्लो २ वर्षको अवधिमा कुनै विभागीय सजाय नपाएको, र

(घ) उल्लिखित आधारहरुका अतिरिक्त जेष्ठ कर्मचारीलाई प्राथमिकता दिइनेछ ।

३. सामान्य प्रशासन मन्त्रालयको स्वीकृति लिएर मात्र यसरी हुलाकी र हल्कारा पदमा स्तरवृद्धि गर्नको लागि पद संख्या निर्धारण गर्नुपर्नेछ ।

४. स्तरवृद्धिको क्षेत्र (Upgrading zone) जिल्ला स्तरको हुनेछ ।

५. स्तरवृद्धि समिति : हुलाकी र हल्कारा पदमा स्तरवृद्धि गर्ने प्रयोजनको लागि देहाय बमोजिमको स्तरवृद्धि समितिहरू रहनेछ :–

(क) हुलाक सेवा विभागको महानिर्देशकले तोकेको अधिकृत –अध्यक्ष

(ख) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत –सदस्य

(ग) सम्बन्धित जिल्लाको जिल्ला हुलाक कार्यालयको प्रमुख (अधिकृत) –सदस्य-सचिव

तर समितिको अध्यक्ष र सम्बन्धित कार्यालय प्रमुख एउटै व्यक्ति हुने अवस्थामा महानिर्देशकले अन्य अधिकृत कर्मचारीलाई सदस्य सचिवको रूपमा तोक्न सक्नेछ ।

६. स्तरवृद्धिको आधार

(क) पियनबाट हुलाकी र हुलाकीबाट हल्कारा पदमा स्तरवृद्धि गर्दा देहाय बमोजिम बढीमा ५० अङ्क दिइनेछ :–

(१) कार्य सम्पादन मूल्याङ्कन वापत – २० अङ्क

(२) हालको पदको जेष्ठता वापत – २० अङ्क

(३) अन्तर्वार्ता वापत – १० अङ्क

(ख) कार्यसम्पादन मूल्याङ्कन वापत अङ्कको गणना अन्तिम २ वर्षको औसत अङ्कबाट गर्नुपर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 550

(ग) हालको पदको जेष्ठता बापत प्रत्येक वर्ष २ अङ्कका दरले बढीमा २० अङ्क प्रदान गरिनेछ।

(घ) अन्तर्वार्ताको अङ्क प्रदान गर्दा कुनै उम्मेदवारलाई पूर्णाङ्कको कम्तीमा ४०% र बढीमा ६०% अङ्क प्रदान गर्नुपर्नेछ। ४०% भन्दा कम र ६०% भन्दा बढी अङ्क प्रदान गर्दा कारण खोल्नु पर्नेछ। समितिका बहुमत सदस्यहरूबाट त्यसरी कारण खोली अङ्क प्रदान गरिएको रहेछ भने मात्र त्यस्तो अङ्क नतिजा प्रकाशनमा गणनाको लागि मान्य हुनेछ।

७. स्तरवृद्धि समितिको सचिवालयको कार्य सम्बन्धित जिल्ला हुलाक कार्यालयले गर्नेछ।

८. स्तरवृद्धि सिफारिश सम्बन्धमा चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र हुलाक सेवा विभागको महानिर्देशक समक्ष उजुरी दिन सक्नेछ।

९. उजुरीको छानबीनको सिलसिलामा आवश्यक पर्ने कागजात सम्बन्धित स्तरवृद्धि समितिको सचिवालयले उपलब्ध गराउनु पर्नेछ।

द्रष्टव्य: प्रकरण ५ को खण्ड (ग) र प्रकरण ७ को प्रयोजनका लागि काठमाडौं, मोरङ, कास्की, सुर्खेत र डोटी जिल्लाको हकमा क्रमशः गोश्वारा हुलाक कार्यालय काठमाडौं, पूर्वाञ्चल क्षेत्रीय हुलाक निर्देशनालय विराटनगर, पश्चिमाञ्चल क्षेत्रीय हुलाक निर्देशनालय पोखरा, मध्यपश्चिमाञ्चल क्षेत्रीय हुलाक निर्देशनालय वीरेन्द्रनगर र सुदूर पश्चिमाञ्चल क्षेत्रीय हुलाक निर्देशनालय दीपायलसमेतलाई जनाउनेछ।

## सूचना २

श्री ५ को सरकारले दूर सञ्चार नियमावली, २०५४ को नियम ३५ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची-६ को प्रकरण १० पछि देहायबमोजिमको प्रकरण १०क. थप गरेको छ।

"१०क. ग्लोबल मोबाइल पर्सनल कम्युनिकेशन सिष्टम (Global Mobile Personal Communication System) रु. १५,००,०००।-"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

559

## सूचना ३

श्री ५ को सरकारले दूरसञ्चार नियमावली, २०५४ को नियम ३५ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची-७ को प्रकरण २१ पछि देहायबमोजिमको प्रकरण २१क. थप गरेको छ।

"२१क. ग्लोवल मोवाइल पर्सनल कम्यूनिकेशन सिष्टम (Global Mobile Personal Communication System) रू. १४,००,०००।-"

आज्ञाले,
प्रभाकर अधिकारी
श्री ५ को सरकारको निमित्त सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
552